म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४८ सोमबार २५ पुस २०७९ नै. सं. ११४३ पैहेलागा 9 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

लागुऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
- गैरकानूनी गतिबिधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बागमतीको चौथो मुख्यमन्त्रीमा बन्दै जम्मकट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्मकट्टेल बागमती प्रदेशको चौथो मुख्यमन्त्री बन्ने भएका छन् ।

सरकार गठनका लागि प्रदेश प्रमुख यादवचन्द्र शर्माले आज सोमबार अपरान्ह ४ बजेसम्म बहुमत पुग्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी गर्न समय दिएका छन् । बालुवाटारमा बसेको सत्तारुढ गठबन्धनको शीर्ष नेताहरुको बैठकले बागमती प्रदेश सरकारको नेतृत्व नेकपा माओवादीले गर्ने निर्णय गरेसँगै माओवादी संसदीय दलका नेता जम्मकट्टेल प्रदेशको चौथो मुख्यमन्त्री बन्ने भएका हुन् ।

उनलाई बागमती प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समर्थन गर्ने सहमति भएको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३, नेकपा एकीकृत समाजवादीको ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ जना सांसद् छन् । एमाले नेतृत्वको गठबन्धनसँग बागमती प्रदेशसभामा ६१ सांसद् छन् । जुन सरकार गठनको लागि पर्याप्त हो ।

हाल प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री रहेका जम्मकट्टेल यसअघि ०७४ मा नेकपाको सरकार हुँदा आन्तरिक मामिला तथा कानुन मन्त्री थिए ।

नेकपा विभाजन हुँदा उनले मन्त्री पदबाट राजीनामा दिएका थिए । ०७४ को निर्वाचनमा धादिङ क्षेत्र नं. १ को प्रदेशसभा (२) बाट निर्वाचित भएका जम्मकट्टेल ४ मंसिरमा भएको निर्वाचनमा पनि सोहि क्षेत्रबाट निर्वाचित भएका थिए ।

२०३० साल भदौमा साविकको किराञ्चोक गाविस वडा नम्बर ९ मा जन्मिएका जम्मकट्टेल हाल माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य एवम् धादिङ जिल्ला इन्चार्ज हुन् । २०४४ सालमा अखिल ठैटौंमा आवद्ध भएर उनले विद्यार्थी राजनीति सुरु गरेका थिए । २०४८ बाट उनी मजदुर संगठनमा लागे । औद्योगिक मजदुर संगठनको ललितपुर जिल्ला कमिटी सदस्य हुँदै केन्द्रीय कोषाध्यक्ष भएका उनी २०५२ सालमा माओवादी युद्धमा होमिएका थिए ।

त्यसयता माओवादीमा निरन्तर क्रियाशील उनी २०६० सालबाट एक दशकभन्दा बढी समय माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघको अध्यक्ष भए । बी.ए., बी.एल.सम्मको अध्ययन गरेका जम्मकट्टेलले मजदुर संगठनको नेतृत्वमा आएपछि राजनीतिक उचाइमा पुगेका थिए । २०६३ मा पुनर्स्थापित संसद्को अन्तरिम विधायिका भएका थिए । २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचमा धादिङ क्षेत्र नं. ३ बाट एमालेका प्रभावशाली नेता राजेन्द्र पाण्डेलाई हराएर थप चर्चामा आएका थिए । यद्यपि, २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा भने उनी पाण्डेसँगै पराजित हुन पुगे । यसपटक उनले प्रतिनिधिसभा सदस्य बन्ने इच्छा देखाएका थिए । तर, भागबण्डामा धादिङ १ मा एकीकृत समाजवादीका उपाध्यक्षसमेत रहेका मुख्यमन्त्री राजेन्द्र पाण्डेले दावी नछाडेपछि उनी पुन: प्रदेशसभा सदस्यमा दोहोरिएका हुन् । जम्मकट्टेललाई प्रदेशको चौथो मुख्यमन्त्रीको रुपमा प्रदेश प्रमुख शर्माले सोमबार नै नियुक्त गर्नेछन् ।

४३८ दिन मुख्यमन्त्रीको कुर्सीमा बसेका पाण्डेले के-के गरे ?

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बागमती प्रदेशका कामचलाउ मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले आफ्नो ४ सय ३८ दिने कार्यकालको उपलब्धि सार्वजनिक गरेका छन् ।

आज सोमबार बागमती प्रदेशले नयाँ मुख्यमन्त्री पाउने भएपछि आइतबार पत्रकार सम्मेलन गर्दै आफ्नो कार्यकालमा भएका कामहरु सार्वजनिक गरेका हुन् । पाण्डेले आफ्नो कार्यकालमा भएका निर्णय तथा उपलब्धिहरुलाई बुँदागतरुपमा प्रस्तुत गरेका थिए । ११ कात्तिक २०७८ मा मुख्यमन्त्रीको पद बहाली गरेसँगै प्रदेश सरकारको साझा न्यूनतम कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका पाण्डेले प्रदेश उच्च शिक्षा ऐन ल्याएर उच्च शिक्षा परिषद् गठनदेखि प्रदेशका अस्पतालहरुको स्तरोन्नतिसम्मलाई आफ्ना उपलब्धिहरुको रुपमा प्रस्तुत गरेका छन् । पाण्डेले छोटो समयमा प्रदेशका आमनागरिकको हितमा प्रशस्ती काम भएको दाबी गरे । उनले सर्वाङ्गिण क्षेत्रको विकासमा प्रदेशले ध्यान दिएको बताउँदै कतिपय उपलब्धि हासिल भइसकेको र कतिपय हासिल हुने क्रममा रहेको बताएका छन् ।

पाण्डेले आफ्नो कार्यकालमा भएका कामको प्रगतिमात्रै दाबी गरेनन् अघिल्ला सरकारहरुको नेतृत्व गर्ने मुख्यमन्त्रीद्वय डोरमणि पौडेल र अप्टलक्ष्मी शाक्यलाई प्रदेश सरकार सञ्चालनमा पुऱ्याएको योगदानप्रति आभार व्यक्त गरे । उनले आफ्नो उपलब्धिमा प्रदेश उच्च शिक्षा ऐन, २०७८ जारी गरी प्रदेश उच्च शिक्षा परिषद् गठन गर्दै विश्वविद्यालय र प्रतिष्ठान प्रदेशस्तरमा स्थापना गरी शिक्षा विकासमा प्रदेशको भूमिका बढाउने कार्य भएको दाबी गरे ।

प्रादेशिक विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि जग्गा खोजी गर्न मन्त्रिपरिषद्बाट कार्यदल गठन गरी प्रक्रिया अघि बढाइएको उनको भनाइ छ ।

विद्यालय शिक्षाको प्राविधिक धारतर्फ दलित, सीमान्तकृत, लोपोन्मुख वर्ग तथा उच्च शिक्षामा महिलाको पहुँच बृद्धि गर्नका लागि शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ जारी गरिएको पाण्डेले जानकारी दिए । प्रदेशभित्रका १ सय १९ वटै स्थानीय तहबाट १ जनाका दरले दलित, सीमान्तकृत, लोपोन्मुख वर्गका लागि कक्षा १२ वा सो सरहको डिप्लोमा तहको प्राविधिक शिक्षा अध्ययन गर्न र प्रदेशभित्रका सामुदायिक क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने सबै छात्राहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिएको उनको दाबी छ । तर, छात्राहरुको लागि छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा आउन भने सकेको छैन् ।

प्रदेशभित्रका २ सय वटा माध्यमिक विद्यालयलाई २० लाखका दरले र १ सय वटा आधारभूत विद्यालयलाई १० लाखका दरले शैक्षिक उपलब्धिका आधारमा अनुदान प्रदान गर्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको पाण्डेले बताए । सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्न २३ वटा क्याम्पसहरुलाई २० लाखका दरले अनुदान उपलब्ध गराइएको र निकट भविष्यमा पनि यो कार्यक्रम सञ्चालनमा ल्याइने उनी बताउँछन् । विद्यालय भौतिक पूर्वाधार विकासअन्तर्गत् १ सय १५ विद्यालयहरुमा २ कोठे भवन निर्माण गर्न २५ लाखका दरले र १ सय २८ विद्यालयहरुमा घेराबार निर्माणको लागि १५ लाखका दरले बजेट व्यवस्था भई कार्य प्रारम्भ गरिएको उनले बताए ।

हरेक नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच स्थापित गर्नका लागि प्रदेश भरीका १३ वटा अस्पताहरुलाई स्तरोन्नति गरी विशेषज्ञ सेवासहित सञ्चालन गरिएको पाण्डेले जानकारी दिए । 'धादिङ अस्पताल, हेटौंडा अस्पताल, त्रिशुली अस्पताल, सिन्धुली अस्पताल र बकुलहर अस्पतालहरुमा डायलाईसिस सेवा विस्तार गरिएको छ', पाण्डेले भनेका छन् । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालबीच भ्रगौलाले काम नगर्ने भएका बिरामीहरुका लागि प्रत्यारोपण सेवा सुरु गर्न र डाइलासिस सेवा विस्तार गर्नका लागि द्विपक्षीय सम्झौता भई आवश्यक तयारी भैरहेको उनले बताए ।

विगतका वर्षदेखि सुरु गरिएको एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत् आर्थिक वर्ष २०७८/०७९ मा १ सय ४७ जना विद्यालयमा नर्सलाई नियुक्ति दिई सम्बन्धित स्थानीय तहमा परिचालन गरिएको उनको भनाइ छ । हालसम्म ४ सय ५९ विद्यालय नर्सले विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन् भने आर्थिक वर्ष २०७९/०८० मा ६० जना विद्यालय नर्स नियुक्त भई सेवा बिस्तार हुने पाण्डेले जनाए । धादिङ, हेटौंडा, धुलिखेल र काठमाडौंमा एम्बुलेन्स डिस्प्याच सेन्टर स्थापना गरिएको जनाइएको छ ।

आफ्नो कार्यकालमा कृषि क्षेत्रमा पनि उल्लेख्य काम गरेको पाण्डेले दाबी गरेका छन् । प्रदेश कृषि विकास अध्यादेश, २०७९ जारी गरी सो बमोजिम किसान परिचय पत्र वितरण कार्यविधि, २०७९ राजपत्रमा समेत जारी गरेर कार्यान्वयनको चरणमा रहेको जनाइएको छ । प्रदेशभित्रका कृषकहरुको मागबमोजिमका कृषि यन्त्र उपकरणहरुको उत्पादन गर्नका लागि कृषि औजार कारखाना स्थापना कार्य अगाडि बढाइएको छ । रासायनिक मलको अभावका कारण किसानहरुले भोगिरहेको विकराल समस्या समाधान गर्नका लागि विदेशी लगानीकर्ता खोजी गरी संघीय सरकारसँगको समन्वयमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिकामा रासायनिक मल कारखाना स्थापना गर्नका लागि प्रक्रिया सुरु गरिएको छ ।

अनुदान प्राप्त गर्ने तर काम नगर्ने कार्यलाई निरुत्साहित गर्न अनुदान प्रणालीमा सुधार गरी वास्तविक उद्यमीलाई सहुलियतपूर्ण पूँजी रकम बैकमार्फत् उपलब्ध गराउने नीति लिइएको उनले बताएका छन् ।

पूर्वाधार विकास क्षेत्रतर्फ सडक निर्माण तथा बिस्तारमा रहेको अवरोध हटाउन 'सडक क्षेत्रमा पर्ने घर टहराको क्षतिपूर्ति निर्धारण कार्यविधि स्वीकृत गरी कामलाई तीब्रता दिइएको उनको भनाइ छ । सबै स्थानीय तहको केन्द्रसम्म पक्की सडकले जोड्ने नीति अन्तर्गत् २० वटा स्थानीय तहका केन्द्र जोड्ने १ सय ४७ किमि सडक कालोपत्रे हुँदै गरेको छ ।

भवन पूर्वाधारतर्फ नयाँ भवन निर्माण २ सय १२ वटा, पार्क तथा अन्य संरचना निर्माण २ सय ६४ वटा, सरकारी भवन मर्मत ५७ वटा, जनता आवास इकाई निर्माण ६ सय ८८ वटा सम्पन्न भएका छन् ।

बागमती प्रदेशको राजधानी हेटौंडाको प्रशासनिक भवनका लागि आवश्यक जग्गा पहिचान गरी जग्गा प्राप्तिका लागि नेपाल सरकारसमक्ष अनुरोध गरी पठाइएको पाण्डेले बताएका छन् । उनले आफ्नो कार्यकालभित्र प्रदेश 'सिंहदरबार'को निर्माण सुरु गर्ने बताएका थिए । संघीय सरकारले जग्गा प्राप्तिका लागि अनुमति नै नदिंदा प्रादेशिक संरचना निर्माण अन्यौलमा छन् । पाण्डेले प्रादेशिक संरचनाका लागि चालू आवमा १ अर्ब ६ करोड बजेट बिनियोजन गरिएको जानकारी दिए ।

हेटौंडाका कर्मचारीलाई सुशासन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ हेटौंडा उपमहानगरपालिकाको आयोजनामा भएको कर्मचारीहरुका लागि सुशासन तथा सस्थागत विश्लेषण तालिम आइतबार सकिएको छ ।

तालिममा उपमहानगर पालिकाको महाशाखा तथा शाखा प्रमुखसिहत कर्मचारीहरुको सहभागिता थियो । संस्थागत विकास तथा सेवा प्रवाह समिति संयोजक तथा हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मोक्तानको सभाध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई लगायतको आतिथ्यता थियो । तालिममा चन्द्रकान्त अधिकारी प्रमुख प्रशिक्षक र माधव अधिकारी प्रशिक्षक रहेका थिए । उपप्रमुख बानियाँले महत्वपूर्ण समय तालिममा खर्च भएको भन्दै यसलाई कार्यान्वयनमा लैजान अनुरोध गरेका छन् ।

संस्थागत रुपमा धेरै भद्रगोल अवस्थामा रहेको उपमहानगर अहिले सुशासनको गतिमा अघि बढेको उनले बताए । अब जनमुखी भएर काम गर्न जरुरी रहेको उनको भनाइ छ । 'हामी पाँच बर्षलाई हौं, कर्मचारी उमेर हदसम्म रहन्छन् त्यसैले आफ्नो सक्षमता देखाउन आग्रह गर्छु', बानियाँले भने । उपमहानगरलाई सुन्दर र सक्षम बनाउन भूमिका खेल्न आग्रह गरे । कानुनको परिधिभित्र रहेर सुशासन कायम गरेमा विकास हुँदै जाने उनले दाबी गरे । हेटौंडालाई बागमती प्रदेशको राजधानीको महशुस गराउन नसकेका भन्दै उपप्रमुख बानियाले त्यसलाई क्रमश: अबगुण फाल्दै गुणलाई विकास गर्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

तालिम समापन कार्यक्रममा सामाजिक महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णु लामिछाने लगायतले मन्तव्य व्यक्त गरेका थिए । उनीहरुले तालिमले कार्यशैलीलाई पृथकता दिने बताए ।

बस्तिपुर जेसीज हाँडीखोलाको अध्यक्षमा गोड्बा

हेटौंडा, २४ पुस/ बस्तीपुर जेसीज हाँडीखोलाको वर्ष २०२३ को अध्यक्षमा प्रेम गोड्बा चयन भएका छन् ।

शनिबार सम्पन्न १२ औं अधिवेशनबाट जेसीआई हाँडीखोलाको अध्यक्षमा गोड्बा चयन भएका हुन् । कार्यकारिणी उपाध्यक्षमा सन्तोष उप्रेती, कार्यकारिणी उपाध्यक्षमा शिवराज उप्रेती, सन्दिप पाठक, जेसी सुरज बर्तौला, राम गिरी, हरे हटुवाल चयन भएका छन् ।

जिसस महासंघ बागमती प्रदेश अध्यक्षमा घलान

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललितबहादुर घलान जिल्ला समन्वय समिति (जिसस) महासंघ बागमती प्रदेश कमिटीको अध्यक्षमा चयन भएका छन् ।

२२ र २३ पौषमा पोखरामा भएको जिल्ला समन्वय समिति महासंघ नेपालको चौथो राष्ट्रिय परिषद्को महाधिवेशनबाट घलानको अध्यक्षतामा १५ सदस्य प्रदेश कमिटी सर्वसम्मत रुपमा गठन भएको हो । महासंघको प्रदेश कमिटी उपाध्यक्षमा जिसस भक्तपुरका सानु कार्की, सचिवमा जिसस मकवानपुरका उप-प्रमुख सानुकाजी लुईटेल, उपसचिवमा

जिसस मकवानपुरकै सदस्य तारा ढुंगाना सर्वसम्मत चयन भएका छन् । जिसस प्रदेश कमिटी सदस्यहरुमा अप्सरा ढुंगाना (काभ्रे), शोभा कार्की (ललितपुर), सपना परियार (काठमाडौं), पुष्पाकुमारी थामी (सिन्धुली), रस्मिता भण्डारी (काभ्रे), सम्झना सेढाई (नुवाकोट), प्रेमबहादुर थापा (रामेछाप), दानबहादुर तामाङ (सिन्धुली), धनमाया विक, (नुवाकोट) सर्वसम्मत चयन भएको अध्यक्ष घलानले जानकारी दिए । कमिटीको कोषाध्यक्ष र एक जना सदस्य भने प्रदेश कमिटीको बैठकले मनोनित गर्ने जनाइएको छ ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

बढ्दो महंगी र उपभोक्तावादीको भूमिका

तरकारीजस्ता दैनिक उपभोग्य सामग्रीको मूल्य अस्वाभाविक ढंगले बृद्धि हुँदा उपभोक्ता महँगीले आक्रान्त बन्ने गरेका छन् । आम नागरिकले दैनिक प्रयोग गर्ने वस्तुको मूल्यबृद्धिको मार सबै उपभोक्ताले सहनुपर्ने बाध्यता छ । बढी खपत हुने माछा, मासु, फलफूल, कपडा, तेल, चिनीजस्ता वस्तुमा हुने मूल्यवृद्धिले उपभोक्तालाई ठूलो असर पार्दछ । बजारमा देखिने विभिन्न अव्यवस्था र विकृति नियन्त्रण गर्न प्रभावकारी अनुगमन आवश्यक हुन्छ । तर, बजार अनुगमन गर्ने जिम्मेवार निकायले खासै चासो देखाएको पाइँदैन ।

मंसिरपछि बजारमा सबै प्रकारका तरकारीको मूल्य बढेको छ । बजारमा तरकारीलगायत अन्य उपभोग्य वस्तुको अस्वभाविक मूल्य बृद्धि भइरहँदा पनि आम उपभोक्ता, उपभोक्तावादी संघसंस्था, अनुगमनको जिम्मेवारी पाएको सरकारी निकाय सबै मौन रहनुले राम्रो संकेत गर्दैन । मूल्यवृद्धिका धेरै कारण भए पनि नेपाली बजारमा भने धेरैजसो बजार मध्यस्थकर्ता वा बिचौलियाको चलखेलका कारण मूल्य वृद्धि हुने गरेको पाइन्छ । वितरण प्रक्रियामा उत्पादकले उत्पादन गरेको वस्तु उपभोक्तासम्म पुग्दा विभिन्न मध्यस्थकर्ताको संलग्नता हुने गर्दछ । उत्पादक र उपभोक्ताबीच एजेन्ट, डिलर, थोक बिक्रेता, खुद्रा बिक्रेताजस्ता मध्यस्थकर्ता रहने हुँदा उत्पादकले थोरै मूल्य बढाउँदा उपभोक्तासम्म पुग्दा धेरै बढिसकेको हुन्छ ।

यसमा प्रभावकारी सरकारी नियमन नहुँदा थप समस्या देखिएको छ । राज्यको प्रभावकारी उपस्थिति र नियमन नहुँदा बजार अनियन्त्रित हुने र कालाबजारियाहरुको मनोबलसमेत बढेर जाने गर्दछ । अस्वाभाविक ढंगबाट बजार मूल्य अकाशिए पनि नियन्त्रण गर्ने निकाय सक्रिय नहुँदा व्यापारीहरुले बजार मूल्यमा एकाधिकार जमाएका छन् । अधिकांश वस्तुमा मध्यस्थकर्ता वा बिचौलियाका कारण मूल्यवृद्धि भइरहेको देखिन्छ । तरकारी तथा खाद्यान्न उत्पादन गर्ने किसानले प्राप्त गर्ने मूल्य र उपभोक्ताले तिर्ने मूल्यबीच देखिएको ठूलो अन्तरले यसलाई पुष्टि गर्दछ ।

मूल्यवृद्धि नियन्त्रणमा सरकारी नियमनकारी निकायका साथसाथै निजी क्षेत्रका व्यावसायिक संघसंस्थाको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । उद्योग वाणिज्य संघ, वस्तुगत संघहरु, उपभोक्ता अधिकारवादी संस्था एवम् स्थानीय सरकारले मूल्य नियन्त्रणका लागि समन्वयात्मक भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ । आम उपभोक्ता मूल्यवृद्धिले आक्रान्त बनिरहँदा जिम्मेवार निकाय मूकदर्शक भएर बस्नु हुँदैन । बजारमा देखिएको बिचौलियाको प्रभाव तथा नियन्त्रण हटाउन बजार अनुगमनलाई तीव्रता दिई कानूनी कारवाहीलाई प्रभावकारी बनाउनु आवश्यक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बङबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २६ गते मंगलबार १० जनवरी २०२३ ।तृतीया माघ कृष्णपक्ष। पेहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२४ ।

आजको राशिफल

मेष	: श्रमबाट प्रशस्त लाभ हुनेछ	तुला	: काममा उत्साह बढ्नेछ
वृष	: परिवारिक समस्या आउनसक्छ	वृश्चिक	: प्रेमको बन्धन कसिनेछ
मिथुन	: प्रेमप्रसंग सुमधुर आदर पाइनेछ	धनु	: स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ
कर्कट	: अधुरा योजना पूरा हुने देखिन्छ	मकर	: आतिथ्यपूर्ण सम्मान पाइनेछ
सिंह	: भाग्योदयको समय रहनेछ	कुम्भ	: पवित्र कर्ममा मन जानेछ
कन्या	: अध्ययन अध्यापनमा गडबडी हुनेछ	मीन	: घरेलु समस्याले सताउने देखिन्छ

'पुच्छर छिर्ने, हात्ती अड्किने' महापरियोजनाको पुनरावलोकन

✍डम्बर खतिवडा

उखानै छ- 'हात्ती छिऱ्यो, पुच्छर अड्कियो !' यसलाई उल्टो पार्दिने हो भने 'पुच्छर छिऱ्यो, हात्ती अड्कियो' हुने रहेछ । यथार्थमा यी दुवै चिज हुँदैनन् । यसो हुन बिल्कुल असंगत अवस्था बन्नुपर्छ । हात्ती छिर्ने ठाउँमा पक्कै पुच्छर पनि छिर्नुपर्ने हो, नअड्किनुपर्ने हो । ठीक त्यसैगरी, हात्तीभन्दा अगाडि पुच्छर कसरी छिर्ला र ? तर, प्रतीकात्मक अर्थमा यी दुवै चिज हुन्छ । हुने रहेछ । यतिखेर हाम्रो राजनीति र लोकतन्त्रको दुर्दशा चाहिं- 'हात्ती छिऱ्यो, पुच्छर अड्कयो' जस्तो हैन, 'पुच्छर छिऱ्यो, हात्ती अड्कयो' भने जस्तो छ ।

देशको आधुनिक इतिहासलाई हामी पृथ्वीनारायण शाहसँग जोड्छौं । यो संकथन आफैंमा अनौठो छ । 'आधुनिकता' केलाई भन्ने ? भूगोललाई ? राज्यको प्राथमिक तत्व के हो ? भूगोल हो कि मान्छे भन्ने प्रश्न यसले उठाउँछ । भूगोल भएर मान्छे नभएर राज्य बनेको संसारमा कहीं पनि देखिँदैन । त्यो भिन्नै कुरा हो कि राज्य बन्न भूगोल पनि चाहिन्छ । भूगोल बिनाको राज्य, भूगोल बिनाको राष्ट्र पनि छैन कतै ।

भूगोल जोडेर सायद आधुनिकताको सुरुवात हुँदैन । यदि त्यसो हुन्थ्यो त अमेरिकाले डेनमार्क वा ब्रिटिश साम्राज्यका महाराजालाई, भारतले सम्राट अशोकलाई, चीनले छिन राजवंशको कुनै सम्राटलाई 'आधुनिकता' को मानक बनाउनुपर्ने हुन्थ्यो । तर, ती देशले त्यसो गर्दैनन् । अमेरिकाले जर्ज वासिङ्टन लगायतका ७ लाई, चीनले डा. सन यात सेन र माओ त्से तुङलाई, भारतले महात्मा गान्धीलाई 'आधुनिक राष्ट्रिय राज्य' का मानक व्यक्तित्व बनाउने थिएनन् ।

खासमा २००७ सालअघिको नेपालको राजनीतिलाई 'आधुनिक' हैन, 'मध्यकाल' भित्रै राखिनुपर्ने हो । त्यसो गर्ने हो भने हाम्रो राजनीति, विचारधारा र दृष्टिकोणमा एउटा देखिने 'कट-अफ पोइन्ट' बन्छ । यसको अर्थ यो हुँदैन कि हामी हाम्रा प्राचीन वा मध्यकालीन घटना, प्रवृत्ति, व्यक्तित्व, सभ्यता, संस्कृति र सम्पदालाई अपमान गर्दछौं । भारतले महात्मा गान्धीलाई 'आधुनिक राष्ट्रपिता' मान्छ भन्नुको अर्थ सम्राट अशोक, महाराज छत्रपति शिवाजी, झाँसीकी रानी लक्ष्मीबाईलाई अपमान गर्छ भन्ने हुँदैन । चीनले डा. सन यात सेन वा माओत्से तुङलाई 'आधुनिक राष्ट्रिय राज्य' को मानक मान्छ भन्नुको अर्थ छिनदेखि मञ्चसम्मका सबै इतिहासलाई अस्वीकार गर्छ भन्ने हुँदैन ।

'आधुनिकता' भूगोल, साम्राज्य वा राज्य विस्तार, राजा-महाराजाहरूको पौरख वा पराक्रमबाट हैन, संसारभरि नै जनता, जनताको अधिकार, स्वतन्त्रता, समानता, भ्रातृत्व र न्यायको सिद्धान्तबाट हुन्छ । 'प्राचीनता' को अर्थ भूगोलकै अनिश्चितता र अस्थिरताबीच मानव सभ्यता र संस्कृतिको विकास हो । 'मध्यकाल' को अर्थ भूगोल, राज्य, साम्राज्य र राजा-महाराजाको निश्चितताबीच मानव सभ्यता, संस्कृति र सम्पदाको विकास हो । 'आधुनिकता' को अर्थ जनताको स्वतन्त्रता, सहभागिता, स्वामित्व, प्रतिनिधित्व, सुख र सुविधाको तहत मानव सभ्यताको विकास, सुशासन र समृद्धि हो ।

अमेरिका, भारत र चीनले मात्रै हैन, सिंगो युरोपले पनि यो सिद्धान्त स्वीकार गरेको छ । युरोपको आधुनिकता पुनर्जागरण र प्रबोधन हुँदै आउँछ । त्यसअघिको समयलाई उनीहरू 'मध्यकाल' र अझ कठोर भाषामा 'डार्क एज' अर्थात् 'अन्धकारको युग' नै भन्छन् । आफ्नै इतिहासलाई आफैंले 'अन्धकारको युग' भने बापत कुनै युरोपेलीले आपत्ति गरेको अहिलेसम्म कसैलाई थाहा छैन । यसको अर्थ त्यो हुँदैन कि युरोपेलीहरू त्यो समयको सभ्यता, संस्कृति र सम्पदालाई घृणा गर्दछन् ।

२००७ सालअघि नेपालमा कुनै पनि मानकबाट हेर्दा 'जनताको राज, सर्वसाधारणको स्वराज' थिएन । चाहे त्यो किरातकालमा होस् वा लिच्छवि, मल्लकालमा होस् वा शाह र राणाकालमा ती सबै मध्यकालीन चरित्रका राज्य र शासनसत्ता थिए । 'आधुनिकता' को सार तत्व नै स्वतन्त्रता र लोकतन्त्र हो र त्यसको आधारतत्व नागरिक सार्वभौमसत्ता हुन्छ ।

यसरी हेर्ने हो भने हाम्रो 'मोर्डन मेगा प्रोजेक्ट' अर्थात् 'आधुनिक महापरियोजना' करिब एक शताब्दीको हुन पुग्दछ । वि.सं. १९९० बाट प्रजापरिषदको गठन र राणाविरोधी आन्दोलनबाट हाम्रो 'मेगा प्रोजेक्ट' का लागि जनप्रतिरोध सुरु भयो । १९९७ सालमा ४ शहीद भए । स्वतन्त्रता, समानता, न्यायको हाम्रो बलिदानको गाथा यहींबाट सुरुवात भयो । वि.सं. २०९० मा पुग्दा यो एक शताब्दीको हुनेछ । वि.सं. २०८० मा त हामी आयौं नै । यसलाई करिब 'एक शताब्दी' भन्न सकिन्छ ।

यहाँनिर आइपुग्दा दुई शब्दावली एकअर्कामा 'कन्ट्रास्ट' गर्छन् । एक-आधुनिक लोकतन्त्रको महापरियोजना र दुई- एक शताब्दी लामो समय अवधि । एक शताब्दी लामो समय अवधिमा पनि हाम्रो आधुनिक लोकतन्त्रको महापरियोजना किन सफलीभूत भएन भन्ने प्रश्न आफैंमा 'विलियन डलर क्वेश्चन' हो । त्यसो त, यो बिन्दुमा आइपुग्दा तीन वटा कोण जन्मिन सक्दछन् । र यी तीन कोणका दृष्टिकोणबीच भीषण संघर्ष अहिले पनि व्यवहारमा छँदैछ ।

पहिलो- कसरी असफल भयौं ? सफल नै त छौं ! संघीय लोकतान्त्रिक गणतन्त्र जो हामीले स्थापित गरिसक्यौं, यो आफैमा एक ठूलो सफलता हैन र !

दोस्रो- यस्तो सफलता पनि के सफलता ? खै न्याय ? खै विभेद र बेथिति विनाको आधुनिक राष्ट्रिय राज्य ? खै सुशासन ? खै पर्याप्त भौतिक विकास ? खै आर्थिक समृद्धि ? खै अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको आत्मस्वाभिमान ? यस्तै हुन्छ, आधुनिक लोकतान्त्रिक राष्ट्रिय राज्यको हविगत ? यो सबैको कामै छैन । बरु हिजैको ठीक थियो ।

तेस्रो- हाम्रो महापरियोजनाको विकासक्रम निकै ठूलो र सुस्त भयो । 'वर्क-इन-प्रोगेस' मा भएको परियोजनाले परिणाम दिँदैन नि त ! 'पावर हाउस' बन्दैछ पर्ख, पर्ख भन्दाभन्दै केही पुस्ता मानिसको जिन्दगी अँध्यारोमै बित्यो भने के त्यसलाई सफलता भन्ने ? भनिन्छ- धेरै ढिलो गरी कुनै थोरै काम गर्नु नगर्नु बराबर हो ।

जस्तो कि- पाँच वर्षको बच्चाले नर्सरी पास गऱ्यो भने त्यो खुसीको कुरा हो । राम्रो उन्नति र प्रगति हो । तर, १५ वर्षको नवकिशोरले नर्सरी पास गऱ्यो भने के त्यो प्रगति हो ? निःसन्देह हैन ।

हाम्रो महापरियोजना आज ठीक यस्तै विरोधाभासमा फसेको छ । यसले पाँच वर्षमा हैन, १५ वर्षमा नर्सरी पास गर्दैछ र १५ वर्षमा नर्सरी पास गराउने स्कूलका शिक्षक प्रशासक भन्दैछन्- १५ वर्षमा नर्सरी पास भएर के भो त ? फर्स्ट भिजिन नम्बर ल्याएको छ, खुसी होऊ, लड्डु बाँड ।

यही हो- 'पुच्छर छिऱ्यो, हात्ती अड्कयो' भनेको । संघीय लोकतान्त्रिक गणतन्त्र आयो, त्यो पनि एक शताब्दी लागेर, त्यो पनि नर्सरी पास, नर्सरी पासको नम्बर चाहिं ६० प्रतिशत बढी, फर्स्ट डिभिजन ।

मलाई यसो भन्न कुनै लज्जा, ग्लानि वा भय छैन कि म माथिका तीनमध्ये तेस्रो दृष्टिकोणको पक्षधर हुँ । लोकतन्त्रमा दृष्टिकोण त पहिलो र दोस्रो पनि राख्न पाइन्छ नै तर, सान्दर्भिकता कति छ भन्ने प्रश्न उत्तिकै महत्वपूर्ण हुन्छ । र, कुनै पनि चिजको 'सान्दर्भिकता वा औचित्य' भनेको 'विवेकपूर्ण' हुन्छ 'भावनात्मक' हैन । वस्तुगत हुन्छ आत्मगत हैन । तथ्यगत हुन्छ केवल तार्किक हैन । तर्क जतिसुकै बलियो किन नहोस्, त्यो सत्य हो भन्ने ग्यारेन्टी हुँदैन । सत्यको प्रमाण विवेक, वस्तु र तथ्य हो, भावना, आत्म र तर्क हैन ।

हाम्रो महापरियोजनामाथि अझै ७ वटा ठूला प्रश्न उठाउन सकिन्छ, जसले 'धेरै ढिलो गरी थोरै काम भएको' प्रमाण दिन्छ । ढिलो भएको प्रमाण मात्र दिँदैनन् अझै ढिलो हुने प्रवृत्तिगत संकेत पनि गर्दछ । तसर्थ, आधुनिक, सभ्य, सुसंस्कृत, सुशासित र समृद्ध राष्ट्रिय राज्य निर्माण गर्ने हाम्रो महापरियोजना पुनरावलोकन गर्न जरूरी मात्रै हैन, अति जरूरी भइसकेको छ । ती ७ मानक प्रश्न हुन् :

एक- के लोकतन्त्रको अर्थ यही 'विकृत, औपचारिक, भ्रष्ट र अस्थिपञ्जर संसदीय लोकतन्त्र' मात्रै हो ? लोकतन्त्रको अझै लुसंस्कृत, सहभागितामूलक, पारदर्शी, समावेशी र समानुपातिक बनाउन संभव छैन ? शासकीय स्वरूप र निर्वाचन प्रणाली सुधारको बहसलाई हामीले किन धूमिल र शिथिल पार्न थाल्यौं ? सत्ता राजनीतिमा लिप्त दल र व्यक्तित्वलाई यी मुद्दा झर्कौ लाग्न थालेको हो ? आधुनिक विश्वका तीन शताब्दी- अठारौं, उन्नाइसौं र बीसौं शताब्दीको अनुभवलाई दृष्टिगत गरी आफ्नो वैचारिकीको परिमार्जन गर्न किन अझै तयार छैनौं ? ब्राण्ड मात्रै नै सही किन पूँजीवाद र साम्यवाद जस्ता शास्त्रीय जडतावाट मुक्ति अझै संभव भइरहेको छैन ?

दुई- के हाम्रो सुशासनको हालत सधैं यस्तै हुनुपर्ने हो ? संसारकै भ्रष्ट मुलुकमध्ये एक भनेर अन्तर्राष्ट्रिय प्रतिवेदनहरूमा चित्रित भइरहन हामी कहिलेसम्म अभिशप्त छौं ? कुशासन र भ्रष्टाचारबाट लाभान्वित प्रष्ट देखिने तीन वटा तप्का छ । उच्च तहको राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र दलाल व्यापारी । यस तप्काभित्र मुस्किलले १० लाख मानिस होलान्, ती १० लाखको स्वार्थ र सुविधाका लागि बाँकी २ करोड ९० लाखले सधैं दुःख मात्रै पाउने र निरास मात्रै भएर बाँच्नुपर्ने हो ?

तीन- यो देशको अधिकास, अल्पविकास, बेरोजगारी र गरिबीको राज कहाँ छ ? त्यो वस्तुगत छ कि आत्मगत ? संरचना र प्रबन्धन दुवैतर्फ छ भने ती केके हुन् ? यी अभेद्य हुन् वा भेद्य ? यदि अभेद्य हुन् भने यो राज्यको औचित्य नै किन र कहाँ रहन्छ ? यदि भेद्य हुन् भने हामी भेदन गर्न किन अनिच्छा देखाइरहेका छौं ?

चार- राज्य पुनर्संरचनामा संघवादको वास्तविकता अहिले चल्ला चलाइए जस्तै हो ? के हाम्रो संघवाद साँच्चै संघवादको सिद्धान्तमा आधारित छ ? एक कृत्रिम संघीयता खडा गरेर त्यसको असफलताको जगमा संघीयतालाई नै बदनाम गर्ने जुन काम भएको छ, त्यो कसको हितका लागि हो ? संघवादको सिद्धान्तमा अपरिहार्य मानिने स्वशासन, साझेदारी शासन, बहुभाषिक नीति, वित्तीय तथा प्रशासनिक संघीयता प्रत्याभूत छ त अहिले ? बिल्कुल छैन । संघीयताको अर्थ 'विकृत, औपचारिक, भ्रष्ट र अस्थिपञ्जर संसदीय लोकतन्त्र' लाई प्रदेश, प्रदेशमा पनि लगेर लाद्नु वा थोपर्नु हुन्छ ? के संघवादले संसदीय प्रणाली नै अपनाउँ, ठूला आकारको संसद बनाउन, मन लाग्दो मन्त्रालय फोड, महिनैपिच्छे मुख्यमन्त्री फेर भन्छ ? संसदीय प्रणालीहरू प्रदेशमा थोपरेर संघवादलाई बदनाम गर्ने प्रयत्न एकात्मकता र केन्द्रीकरणलाई पुनर्स्थापित गर्ने कुत्सित मनसायबाट प्रेरित छ किन नभन्ने ?

पाँच- राष्ट्रिय समुदायहरूको पहिचानको आकांक्षालाई हामीले किन सीमित, संकुचित 'जातीयता' को अर्थमा लिएर विरोध वा समर्थनमा स्वीकृत भयौं ? के यो प्रवृत्ति ठीक थियो ? के 'जैविक विविधता' जस्तै 'मानवीय विविधता' पनि प्रकृतिको एक स्वाभाविक चरित्र हैन ? खासमा 'मानवीय विविधता' पनि 'जैविक विविधता' कै एक अंश हो । यसको संरक्षण र मान्यता 'पहिचानवादी राजनीति' को हैन, जैविकतावादी, प्रकृतिवादी, मानवतावादी र सर्वाधिकतावादी राजनीतिको मूल कर्तव्य र दायित्व हो । लोकतन्त्र 'समग्रमा अंशको राजनीति हैन, अंशमा समग्रको राजनीति' हो । यो बुझ्न हाम्रो एक शताब्दी लामो महापरियोजनाले किन अस्वीकार गऱ्यो ?

छ- जातिप्रथा र सबै प्रकारका सामाजिक विभेदको अन्त्य गर्दै समानता र सामाजिक न्यायलाई स्थापित गर्ने हाम्रो आधुनिक महापरियोजनाको एक महान अभीष्ट थियो ? त्यो किन अझै परिलक्षित हुन सकिरहेको छैन ? हाम्रो समाज यतिप्रति सकारात्मक हुनुको साटो झन् किन प्रतिक्रियात्मक हुँदैछ ? विशेषतः दलित समुदाय लक्षित विभेदलाई अन्त्य गर्न भइरहेका 'सकारात्मक विभेद नीति' माथि उचड्ना र सतही प्रतिक्रिया गर्ने पंक्ति किन र कसरी जन्मिरहेको छ ? सीमान्तकृत समुदायको आरक्षण र समानुपातिक प्रतिनिधित्वको विरोध केवल सतही प्रतिक्रिया हो कि प्रायोजित ?

एकातिर हामी 'धर्म परिवर्तन' को डर देखाइरहेका छौं, अर्कोतिर त्यसको लक्षित समुदाय दलित र जनजाति रहेको यथार्थलाई बिर्सिरहेका छौं । नेपाल मूलतः सभ्यतासापेक्ष मुलुक हो । यहाँ हिन्दू, बौद्ध, किरात र बोन सभ्यताको मौलिक उन्नयन भएको छ । तर, हाम्रा सभ्यतालाई हामी धार्मिक सम्प्रदायका रूपमा संकुचन गरेर आफ्नो स्पेसलाई आफैं साँघुरो बनाउँदैछौं ।

यी मानेमा कम्तीमा हाम्रा धर्मगुरुहरू स्वामी विवेकानन्द, विचारक महात्मा गान्धी, राजनीतिज्ञ नेहरू र अभियानकर्ता अम्बेडकर जतिको सहिष्णु र सन्तुलित हुनुपर्ने हो तर, त्यसो हुन सकिरहेको छैन ।

सात- हामीले भूराजनीतिक लाभका लागि विश्व दृष्टिकोणको पुनर्भाष्यकरण गर्न किन अनिच्छा देखायौं ? सधैं किन भूराजनीति, भूराजनीति भनिरह्यौं ? 'भूअर्थतन्त्र' किन भनेनौं ? सधैं किन असंलग्नता, असंलग्नता भनिरह्यौं ? सार्थक र लाभदायी संलग्नता किन भनेनौं ? सधैं किन समुद्री, समुद्री भनिरह्यौं ? यथोचित निकटता किन भनेनौं ? सधैं किन प्रतिरक्षात्मक र भुस्कुल कूटनीति गऱ्यौं ? आक्रामक वा 'कूटनीतिक कूटनीति' किन गरेनौं ? अन्तर्राष्ट्रिय समुदायप्रतिको हाम्रो समकालीन भाष्य र दृष्टिकोणले के वैदेशिक स्रोत, साधन र प्रविधिको यथोचित परिचालन संभव छ ? एकातिर हामीलाई 'वैदेशिक लगानी चाहिएको छ' भन्छौं, अर्कोतिर जहाँबाट त्यस्तो लगानी आइदिए हुन्थ्यो भनेर आशा गर्दछौं, फेरि तिनैलाई दिनरात गालीगलौज गर्छौं भने त्यो अपेक्षा कस्तो हुन्छ ?

आज नितान्त जरूरी भएको छ कि हामी हाम्रो 'आधुनिक महापरियोजना' को पुनरावलोकन गरौं । नत्र पुच्छर छिर्दै गर्छ हात्ती अड्किंदै गर्छ । एकातिर 'संघीय लोकतान्त्रिक गणतन्त्र' आयो भनेर मख्ख परौं, अर्कोतिर संसारकै निकृष्ट गरिबी, अन्याय, अत्याचार, विभेद र संकीर्णता पनि भोग्दै गरौं । 'पख्पख् पावर हाउस बन्दैछ' भन्दै गरौं, पुस्तौंपुस्ता अन्धकारमै बाँचौं ।

(साभार: अनलाइखबर)

अन्तर्राष्ट्रिय विमानस्थल चल्दा पोखराको पर्यटन चम्किन्छ

✍हरिराम अधिकारी

पोखरा नेपालको चर्चित पर्यटकीय क्षेत्र हो । यसमा कुनै शंका छैन । नेपालमा घुम्न जाने भनेकै पोखरा हो भन्ने बुझाई छ । नेपालका लागि मात्रै होइन, अन्तर्राष्ट्रिय पर्यटकका लागि पनि पोखरा विशेष ठाउँ हो ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले झन् पोखराको पर्यटकीय सुन्दरता र विशेषतालाई वर्षैपिच्छे प्राथमिकता दिइरहेका छन् । तर पूर्वाधारका विषयमा भने पोखरा भर्खर मात्र व्यवस्थित हुन लागेको महसुस हुन सक्छ । किनकि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदैछ । पोखरा विश्वस्तरीय पर्यटकीय क्षेत्र भए पनि पूर्वाधार विकास र पद्धति विस्तारका लागि सरकारी निकायबाट खासै ठूलो काम भएको देखिएन । त्यसैकारण पोखरामा पहिल्यैदेखि विदेशी पर्यटक ल्याउने लक्ष्यअनुसार उपलब्धि भएको छैन ।

पोखरा भन्नेवित्तिकै नेपालीको नजरमा फेवाताल मात्रै भन्ने बुझाई छ । तर विश्वस्तरीय बुझाई चाहिँ पोखरा एक पर्यटकका लागि 'कम्पिलट प्याकेज' जस्तो छ । नेपालका प्राय धेरै हिमाल पोखराको साराङकोटबाट स्पष्ट देख्न सकिन्छ । पोखराबाट मुस्ताङ पुग्दा मरुभूमि पुगेको महसुस हुन्छ । अन्नपूर्ण बेस क्याम्पदेखि ट्रेकिङ रुट त झन् विश्वमै चर्चित छ । फेवाताल, बेगनास ताल, रुपाताल मात्रै होइन, पोखरा सुन्दरताको सम्मिश्रणले भरिपूर्ण छ ।

पोखराबाहेक लमजुङको घलेगाउँ, साहसी पर्यटनका लागि पोखरासँगै पर्वतको बञ्जी पनि पछिल्लो समय चर्चित छ । म्याग्दीको मार्दी हिमाल झनै चर्चित हुँदै गएको छ । तनहुँको बन्दीपुरले ठूलो पर्यटकीय महत्त्व बोकेको छ । गोरखाको ऐतिहासिक पर्यटन र त्यसको संरक्षण एक महत्वपूर्ण विषय हो । त्यसबाहेक पाल्पाको रानीवन लगायतका पर्यटकीय क्षेत्रले पनि गण्डकी प्रदेश नै पर्यटनका लागि उर्वर भूमि रहँदै आएको छ ।

तर पोखराको पर्यटनमा केही बुझाई र संरचनाका विकासका समस्या छन् । यो पर्यटनमा हामी व्यवसायीले चाहेर मात्रै हुँदैन । सरकारले व्यवस्थापन गरेन भने विकास हुँदैन । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुन लाग्दा पोखराको पर्यटन धेरै ठूलो उचाइमा पुग्छ । तर यो विमानस्थल सञ्चालनमा जति उत्साह छ, त्यो टिकाउन र चलाउन पनि त्यत्तिकै चुनौती छ । संरचनागत रुपमा सरकारी तथा ब्युरोक्रेसीले गर्दा अहिले खुलेको भनेको श्रम कार्यालय हो ।

वैदेशिक रोजगारमा जानेलाई छोड्न उसको परिवारका मानिसहरू काठमाडौं पुगेका छन् । अहिले मैरहवा र पोखराबाट शतप्रतिशत श्रम कार्यालयको काम हुने हो भने त्यो लक्ष्य पोखरामा आन्तरिक पर्यटन प्रवर्द्धन पनि हो । यही मान्छेहरू आउने वातावरण हामी बनाउन खोजिरहेका छौं । तर सरकारी संरचना र ढिलासुस्तीले त्यसलाई व्यवस्थित र दिगो बनाउन समस्या छ ।

पोखराको एयरपोर्ट बनाउने क्रममा चाबी हस्तान्तरण गरेको नै ६ महिना भन्दा बढी भइसक्यो । चीनको ऋण लिएर बनाएको विमानस्थलको निर्माण जति चुनौती थियो, त्यो सञ्चालन र त्यसबाट नाफा लिन झन् ठूलो चुनौती छ । किनकि चीनले दिएको ऋणको ब्याज लिन थालिसक्यो ।

अनि पर्यटन व्यवसायीले मात्रै यो कुरा चाहेर हुँदैन । विमानस्थलको निर्माण, त्यसको क्षेत्र विस्तार, सबैको प्रयास नभई पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा कठिनाइ देखिन्छ । अहिले सरकारी मिडियाले पोखरा अन्तर्राष्ट्रिय होइन, क्षेत्रीय विमानस्थल मात्रै लेखिरहेका छन् ।

निजी मिडियाको राम्रो साथ सहयोग छ । तर सरकारी मिडियाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लेखेका छैनन् । यो ठूलो समस्या हो । सरकारले अपनत्व लिन सक्दैन भने विमानस्थल सञ्चालन भए पनि कसरी दिगो व्यवस्थापन हुन्छ ? कसरी विमानस्थल चलाएर नाफा कमाउन सकिन्छ ? अहिले मैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा पनि देखिएको चुनौती त्यही छ ।

पूर्वाधार भएर पनि प्रयोग भएन भने त्यसको महत्त्व रहँदैन । त्यसैले राज्यले विशेष ध्यान दिनु पर्दछ । अन्तर्राष्ट्रिय विमानस्थलबाट त विदेशका विभिन्न ठाउँमा उडान भर्ने हो । विदेशबाट सोझै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा विमान अवतरण हुने गरी पहल गर्नुपर्छ । त्यो नहुने हो भने त अहिलेकै विमानस्थल छँदैछ नि ।

तर हामी आम नेपाली र नेताहरुको प्रवृत्ति हेर्दा सबैले आफ्नो लागि मात्रै सोचेको देखिन्छ । देशको लागि सोचेको देखिएको छ । कम्तीमा त्यो प्रवृत्ति पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नदेखियोस् । सरकारले पनि पोखराका लागि सोचोस् । गण्डकी प्रदेशका सबै सरोकार वालाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन र दिगो व्यवस्थापनका लागि सोच्नुपर्छ ।

त्यसपछि मात्रै पोखरासँगसँगै गण्डकी प्रदेशका सबै जिल्लाको पर्यटन विकासमा टेवा पुग्छ ।

(साभार: खबरहब)

मुख्यमन्त्री र सभामुखमा पनि आलोपालो

काठमाडौं/सत्ता साझेदार दलहरूले प्रदेशका मुख्यमन्त्री, सभामुख र उपसभामुखको भागवण्डा टुंग्याएका छन् । आइतबार बसेको सत्ता साझेदार दलका शीर्ष नेताहरुको बैठकले सातवटै प्रदेशको प्रमुख तीन पदको भागवण्डा टुंग्याएका हुन् ।

प्रदेश १, गण्डकी, लुम्बिनी र कर्णालीमा ५ वर्ष नै एकल नेतृत्वको सरकार बन्ने छ भने मधेश, बाग्मती र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा आलोपालो हुनेछ ।

सहमतिअनुसार प्रदेश १ मा एमाले संसदीय दलका नेता हिक्मत कार्की नियुक्त भइसकेका छन् । सत्ता साझेदार दलहरु माओवादी केन्द्र, राप्रपा र जनता समाजवादी पार्टीको समर्थनमा एमाले संसदीय दलका नेता कार्की मुख्यमन्त्री नियुक्त भएका हुन् । माओवादी केन्द्रले सभामुख र एमालेले उपसभामुख लिनेछ ।

गण्डकी प्रदेशमा एमालेले ५ वर्ष मुख्यमन्त्री चलाउनेछ भने सभामुख माओवादी र उपसभामुख एमालेले लिनेछ । आलोपालो नहुने अर्को प्रदेश लुम्बिनीमा पनि एमालेले मुख्यमन्त्री लिनेछ भने माओवादीले सभामुख र राप्रपाले उपसभामुख पाउने भएको छ । कर्णाली प्रदेशमा माओवादीले ५ वर्ष मुख्यमन्त्री चलाउनेछ । एमालेले सभामुख र माओवादी केन्द्रले उपसभामुख दिनेछ ।

बाँकी तीन प्रदेशमा भने मुख्यमन्त्री, सभामुख र उपसभामुखमा समेत आलोपालो हुनेछ ।

शीर्ष तहमा भएको सहमतिअनुसार मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीले मुख्यमन्त्रीमा आलोपालो गर्ने छन् । मुख्यमन्त्री फेरिँदा उपसभामुख पनि हेरफेर हुनेछ । सभामुख भने ५ वर्ष नै एमालेले पाउने भएको छ ।

यस्तै बागमती प्रदेशमा मुख्यमन्त्री र उपसभामुखमा माओवादी केन्द्र र एमालेको आलोपालो हुने छ । पहिलो चरणमा माओवादीले मुख्यमन्त्री लिनेछ भने एमालेले उपसभामुख लिनेछ । भागवण्डामा राप्रपाले भने सभामुख पाएको छ ।

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री र सभामुखमा एमाले र माओवादी केन्द्रबीच आलापालो हुने भएको छ । पहिलो चरणमा एमालेले मुख्यमन्त्री लिँदा माओवादीले सभामुख पाउनेछ । सत्ता सझेदार दलहरुले नागरिक उन्मुक्ति पार्टीलाई भने उपसभामुख लिन प्रस्ताव गरेको एक नेताले जानकारी दिए ।

प्रदेशहरुमा मात्र होइन, केन्द्रमा पनि प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने सहमति भइसकेको छ । सहमतिअनुसार १० पुसमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका छन् भने सभामुख एमालेले लिनेछ । साढे दुई वर्षपछि प्रचण्ड प्रधानमन्त्रीबाट हट्दा एमालेले सभामुख छाड्ने दुई दलको समझदारी छ ।

असफल बन्धास

अहिलेको सत्ता समीकरणको सिर्जना नै आलोपालोको सहमति कार्यान्वयन नहुँदा भएको थियो । तत्कालीन सत्तारुढ गठबन्धनमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डबीच चुनावपछि आलोपालो प्राधनमन्त्री हुने सहमति भएको थियो । त्यसअनुसार पहिलो चरणमा प्रचण्ड प्रधानमन्त्री हुनुपर्ने माओवादी केन्द्रको दावी थियो ।

तर प्रधानमन्त्री समेत रहेका देउवाले आ्नो निरन्तरता खोजेपछि प्रचण्ड गठबन्धनबाट बाहिरिए र प्रतिनिधिसभाको दोस्रो ठूलो दल एमालेले त्यसलाई अवसरमा बदल्यो र सबभन्दा ठूलो दल कांग्रेसले सत्ताको बागडोर गुमाएको छ । एमाले र माओवादीले भने राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनता समाजवादी पार्टी लगायतका दलको साथ लिएर प्रदेशसम्मै सरकार बनाउदैछन् ।

केन्द्र र तीन वटा प्रदेशमा आलोपालो नेतृत्वको सहमति भएको छ । दुई वर्ष अगाडि एमाले र माओवादी केन्द्र अलग हुने परिस्थिति पनि आलोपालोकै असहमतिका कारणले सिर्जना भएको थियो ।

०७४ को चुनावमा गठबन्धन गरेको एमाले र माओवादी केन्द्रलाई संघमा झण्डै दुई तिहाइ नजिक र सातमध्ये ६ प्रदेशसभामा बहुमत प्राप्त भएको थियो । त्यही जनादेशको जगमा एमाले अध्यक्ष केपी शर्मा ओली ३ फागुन २०७४ मा प्रधानमन्त्री भए । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख सहित ६ वटै प्रदेशमा भागबण्डाको सहमति जुट्यो । ३ जेठ २०७५ मा एमाले र माओवादी केन्द्रबीच एकता भएर शक्तिशाली नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्यो ।

तर पार्टी एकता अगाडि नै ओली र प्रचण्डबीच आलोपालो प्रधानमन्त्री हुने गोप्य सहमति रहेको रहस्य पछि मात्रै खुल्यो । जब आलोपालोको रहस्य सार्वजनिक भयो, नेकपाभित्र विवाद चर्कियो । ओलीले पूर्वसहमति अनुसार, प्रधानमन्त्री नछोडेको आरोप प्रचण्ड र उनी निकट नेताहरुले लगाए । यो आरोपलाई ओलीले विदेशी शक्तिको चलखेल भनेपछि नेकपा भित्रको विवाद उत्कर्षतिर बढ्यो ।

प्रचण्डलाई माधव नेपाल र झलनाथ खनालहरुले साथ दिए । एकअर्काविरुद्ध आरोप-प्रत्यारोपको दोहोरी नै चल्यो । ५ पुस २०७७ पुग्दा ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा विघटनकै निर्णय गरिदिए । यही निर्णयका कारणले नेकपा फुट्यो । सर्वोच्च अदालतले २३ फागुन २०७७ मा नेकपाको एकता प्रक्रिया नै भंग गर्दै फेरि एमाले र माओवादी केन्द्र बूँताइदियो ।

यो फैसलाले झनै समस्या बढ्यो । ७ जेठ २०७८ मा ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटनको निर्णय गरे । दोस्रोपटक पनि प्रतिनिधिसभा विघटनको निर्णय उल्ट्याउँदै ओलीलाई प्रधानमन्त्रीबाट सर्वोच्चले पदमुक्त गर्दा एमालेको एकतासम्म जोगिएन । २ भदौ २०७८ मा माधव नेपाल र झलनाथ खनालसहित नेताहरुले एमाले फुटाएर नेकपा एकीकृत समाजवादी गठन गरे । एकीकृत समाजवादीको समेत साथ पाउँदा देउवाले डेढ वर्ष सरकार चलाए ।

९ असारमा प्राधनमन्त्री भएका देउवाले पनि गठबन्धन जोगाउन सबैतिर भागबण्डा गरे । एमालेलाई संघसहित सातै प्रदेशबाट विपक्षी कित्तामा धकेल्ने कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी सहित पाँच दलले भागबण्डा र आलोपालाकै नीति लिए । आलोपालोकै कारण कर्णालीमा जम्मा ६ प्रदेशसभा सदस्य भएको कांग्रेसका संसदीय दलका नेता जीवनबहादुर शाही मुख्यमन्त्री भएका थिए । अरु प्रदेशको मुख्यमन्त्रीमा पनि आलोपालोको सहमति भएको थियो, तर पार्टीभित्र र बाहिर आलोचना भएपछि कार्यान्वयन भएन ।

४ मसिरको आमचुनावमा गठबन्धन गरेका दलहरुबीच परिणाम सार्वजनिक भएपछि भने पालोपालोमा को पहिले भन्ने विवाद भयो । कांग्रेस छाडेर एमालेसँग गठबन्धन गरेर प्राधनमन्त्री भएका प्रचण्डले पनि बहुमत टिकाइ राख्न केन्द्र मात्र होइन, प्रदेशको नेतृत्व र सभामुखमा समेत आलोपालो गर्ने सहमति गरेका छन् ।

राजनीतिक विश्लेषक पुरुषोत्तम दाहाल सबैले अन्तिम सत्य सत्ता ठानेका कारण नेपालमा गठबन्धन संस्कृत सफल नभएको बताउँछन् । भन्छन्, 'जनताले स्थिरता खोजेका छन्, 'आलोपालो जे जे गरेर भए पनि स्थिरता दिनुहोस् भन्ने शुभकामना छ ।'

(स्रोत: अनलाइनखबर)

मलेसियामा डेढ दर्जन नेपाली कामदार अलपत्र

काठमाडौं/मलेसियामा रोजगारीका लागि पुगेका डेढ दर्जन नेपालीहरु अलपत्र परेका छन् । मलेसियाको केलाङ सहरको एक भवनभित्र अलपत्र परेका उनीहरू चिसो भुइँमा कष्टसँग दिन-रात बिताइरहेका छन् ।

ज्यादतीविरुद्ध बोल्दा कम्पनीले कामबाट निकालिदिएपछि उनीहरु एक सातादेखि अलपत्र परेका हुन् । कम्पनीबाट निकालेर एक भवनको अनकन्टार कोठामा लगेर छाडेका म्यानपावर कम्पनीका एजेन्टले उनीहरुलाई कोठा बाहिर ननिस्कन भनेको छ ।

पीडित बाबुलाल विश्वकर्माका अनुसार उनीहरु बसेको कोठमा बत्ती, पानी र खानाको सुविधा दिइएको छैन । काठमाडौंको खोजी रिक्वायरमेन्टबाट ४ महिनाअघि मलेसिया पुगेका उनीहरुमध्ये रौतहटका हिरालाल राउतलाई 'हड टिभ चिकेन सप्लायर्स' कम्पनीका सञ्चालकबाट अभद्र व्यवहार र कुटपिट भएको थियो । त्यसअघि पनि फरक-फरक श्रमिकले यस्तो यातना सहेकाले उनीहरु सबै एकजुट भएर त्यस्तो हर्कतविरुद्ध बोलेका थिए ।

५० किलो तौलको बोरा उचाल्न नसकेको भन्दै कुटपिटमा उत्रिएका कम्पनी सञ्चालकविरुद्ध आवाज उठाएपछि २८ जनालाई कामबाट निकालिदिएको थियो । त्यसपछि म्यानपावर कम्पनीको समन्वयमा एजेन्टले एउटा कोठामा ल्याएर छोडेको हो ।

मलेसियास्थित नेपाली दूतावासका अधिकारीहरुले श्रमिकहरुलाई आएर भेटेपनि सकेसम्म मिल्न र कम्पनीमा फर्किएर काम गर्न अनुरोध गरेको थियो । युवाहरूले दुर्व्यवहार सहेर काम गर्न नसकिने बताएपछि प्रहरीमा प्रमाणसहित उजुरी गर्न सुझाव दिएर दूतावासका अधिकारी फर्किएका थिए ।

त्यसपछि आधा दर्जन युवाहरु काममा फर्किएका छन् । तर, यातना सहेर नबस्ने भन्दै डेढ दर्जनभन्दा बढी नेपाली भने अझै उद्धार माग्रिरहेका छन् । 'हामीमाथि पटक-पटक यस्तो दुर्व्यवहार भएको छ, हामीसँग कुटपिटको भिडियो र प्रमाण छैनन्,' भिडियो कुराकानीमा विश्वकर्मालि भने,'यहाँको प्रहरीले पनि प्रमाण माग्छ । हामी देश फर्किन चाहान्छौं यहाँबाट छिटो उद्धार गरिदिनुपर्‍यो ।'

पीडितहरुका अनुसार उनीहरुको पासपोर्टसहित सबै कागजपत्र पनि खोसिएको छ । उनीहरु अधिकांश दिनको एक छाक मात्रै खाएर बसेका छन् । कागजपत्रविना बाहिर निस्किँदा समेत समातिने डर उनीहरुलाई छ ।

पीडितका परिवारले पनि अलपत्र परेका आफ्ना आफन्तलाई सकुशल नेपाल ल्याइदिने वातावरण बनाइदिन माग गरेका छन् । मानसिक र शारीरिक यातानाद दिएर अलपत्र बनाउने काम भएको भन्दै उनीहरुले न्युनतम् मानवीय व्यवहार समेत नदेखाएको देख्दा देख्दै मलेसियास्थित नेपाली दूतावासका अधिकारीहरु पनि निरीह भएको आरोप लगाएका छन् ।

'दूतावास पनि कम्पनी, एजेन्ट र मलेसियाको पुलिसकै भाषा बोलिरहेको छ,' पीडित युवकका एक आफन्तले भने,'कतैबाट सहयोग भएन, यो रबि लामिछाने नै गृहमन्त्री भएको देश हो भने त यस्तो नहुनुपर्ने हो ।'

'महाजात्रा'मा 'महापुरुष'की अञ्जना !

काठमाडौं/निर्देशक प्रदीप भट्टराईलाई हिट मेशिन भन्दा अब अतिशयोक्ति नहोला । पहिलो फिल्म 'जात्रा'बाट निर्देशनमा डेब्यू गरेका उनले 'शत्रु गते', 'जात्रै जात्रा' र प्रदर्शनरत 'महापुरुष' गरी चार वटा ब्लकबस्टर फिल्म दिइसकेका छन् । र, यी चारवटै फिल्मले प्रदर्शनको ५१औं दिन मनाएका छन् । अब प्रदीप पाँचौं फिल्मको तयारीमा जुटेका छन् । उनले 'जात्रा'को तेस्रो सिक्वेल बनाउन लागेका हुन् ।

भट्टराईको लेखन तथा निर्देशन र रविन्द्र सिंह बानियाँको निर्माणमा फिल्म 'महाजात्रा' बन्न लागेको हो । यसै साता चलचित्र विकास बोर्डमा फिल्मको नाम दर्ता गराइएको छ । बोर्डबाट फिल्म निर्माणको इजाजतपत्र लिँदा निर्देशक, निर्माता, लेखक र कलाकारको नाम अनिवार्य खुलाउनु पर्ने नियमअनुरुप कलाकारमा निर्माण टिमले 'महापुरुष'की अभिनेत्री अञ्जना बराइलीको नाम राखेको छ ।

'जात्रा'को अघिल्ला दुई सिरिजमा अभिनेत्री वर्षा राउतको मुख्य भूमिका थियो । तेस्रो सिरिज दर्ता गर्दा अञ्जनाको नाम राखिएपछि उनले वर्षालाई रिप्लेस गरेको चर्चा चलेको छ । यद्यपि, यसबारेमा निर्माण टिमले केही खुलाएको छैन । स्रोतका अनुसार, बोर्डमा नाम दर्ता गर्दा कलाकार खुलाउनुपर्ने भएकाले मात्र अञ्जनाको नाम र

खिएको हो । तर, फिल्ममा उनी हुने वा नहुने अनिश्चित छ ।

'महापुरुष'बाट डेब्यू गरेकी अञ्जनाले अभिनयमा राम्रो सम्भावना देखाएकी छन् । तर, फिल्ममा नाम चलेका कलाकारहरुको ठूलो जत्था रहेकाले उनको खासै चर्चा हुन सकेन । 'महाजात्रा'मा दुई/तीनजना अभिनेत्री रहने भएकाले अञ्जनाको सम्भावना पनि बलियो रहेको निकट स्रोत बताउँछ । यस फिल्ममा 'जात्रा' सिरिजका विपिन कार्की, रविन्द्र सिंह बानियाँ, रविन्द्र झा दोहोरिने पक्का छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

पब्जी विश्वकपमा नेपालको डीआरएस उपविजेता

काठमाडौं/पब्जी मोबाइल विश्व च्याम्पियनसिपमा नेपाली टोली डीआरएस गेमिङ उपविजेता बन्न सफल भएको छ । इन्डोनेसियाको जकार्तामा भएको अन्तिम चरणको प्रतिस्पर्धामा दोस्रो हुँदै नेपाली टोलीले २ लाख ९२ हजार अमेरिकी डलर जितेको छ । नेपालबाटै फाइनलमा पुगेको अर्को टिम, टीटुकेले १३ औं स्थान प्राप्त गर्दै १ लाख ३२ हजार ५ सय अमेरिकी डलर पाएको छ ।

विभिन्न देशका १६ टोली सहभागी यो च्याम्पियनसिपमा टर्कीको एसटुजी ईस्पोर्टस विश्व विजेता बन्न सफल भएको छ । उसले ५ लाख १० हजार डलर पुरस्कार राशी प्राप्त गरेको छ । जकार्ताको इन्टरनेसनल एक्सपोमा आयोजित तीन दिने उक्त र्‍यान्ड फाइनल प्रतियोगितामा विभिन्न देशका १६ टिमले १५ लाख डलर राशीको पुरस्कारका लागि प्रतिस्पर्धा गरेका थिए । । त्यसमा चीनका ३, ब्राजिलका ३, नेपालका २, टर्कीका २, मंगोलियाका २, थाइल्यान्डका २ र मलेसिया तथा इन्डोनेसियाका एक एक टोली सहभागी थिए ।

नेपाली विजयी टोलीलाई बधाइ दिँदै काठमाडौं महानगर पालिकाका प्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जालमा खुशी व्यक्त गरेका छन् । केही दिनअघि मात्रै उनी अनौपचारिक भ्रमणको क्रममा नेपाली खेलाडीहरूलाई हौसला दिन इन्डोनेसिया गएका थिए ।

नेपाली टिमको सफलतामा खुशी मनाउन नेपालका अनलाइन गेमिङ समुदायले आज (२५ पुस) काठमाडौंमा ञ्चाली आयोजना गर्ने भएका छन् । 'नेपाली समूहले दक्षिण एसियाकै सबैभन्दा उत्कृष्ट खेल प्रदर्शन गरेकोमा हामी खुशी छौं,' नेपाली अनलाइन गेमर प्रदीप अधिकारी भन्छन्, 'यो नेपाली अनलाइन गेमर मात्र नभएर देशकै लागि गर्वको कुरा हो ।'

(स्रोत: ई-कान्तिपुर)

'अैंचो-पैंचो' निर्देशन गर्दै कृषा

काठमाडौं/'इन्साफ', 'कसम हजुरको', 'के म तिम्रो साथी बन्न सक्छु' र 'पर्लास' गरी चार फिल्मको निर्माण गरिसकेकी कृषा चौलागाईले अब निर्देशनमा पडकुो मार्ने भएकी छन् । बलियो स्टार कास्ट लिएर उनले फिल्म 'अरैंचो-पैंचो'को निर्देशन गर्न लागेकी हुन् । सोसल-पोलिटिकल ड्रामामा निर्माण हुने यो फिल्ममा 'बुलबुल'पछि स्वस्तिमा खड्का र मुकुन भुषालले एकसाथ स्क्रिन साझेदारी गर्दैछन् ।

वर्षा राउत (कोइराला), विशाल पहारी, कोशिष क्षेत्री, सुशिल सिटौला र शारदा गिरी (काली बुढी)को पनि अभिनय रहने फिल्ममा कोशिषको नकारात्मक भूमिका रहने गोप्य स्रोतको दाबी छ । आगामी माघ अन्तिम साताबाट छायांकन सुरु हुन लागेको फिल्मको आइतबारबाट टिमबीच कलाकार को क्यारेक्टरलाई लिएर छलफल हुँदैछ । एक हप्तापछि वर्कसप सुरु गर्ने तयारी गरिएको छ ।

गाउँमा हुने राजनीति र त्यसले युवामा पार्ने असरको कथामाथि बन्न लागेको फिल्मको पटकथा तथा संवाद अभिमन्यू निर वीले तयार पारेका हुन् । काभ्रेको पनौतीको विभिन्न गाउँमा छायांकन हुने फिल्मलाई पुरुषोत्तम प्रधानले खिच्नेछन् । केपी फिल्मस्को ब्यानर मा निर्माण हुने फिल्मको प्रोजेक्ट हेडमा प्रणव सुवेदी छन् । चाँडै 'अरैंचो-पैंचो'को औपचारिक निर्माण घोषणा गर्ने तयारीमा कृषा छिन् ।

फिल्म निर्माणमा अपेक्षित सफलता हासिल गर्न नसकेकी कृषा अब आफूलाई निर्देशकको रुपमा स्थापित गर्ने सोचमा छिन् । डेब्यू फिल्म सफल बनाउन उनले स्टारकास्टमा समेत विशेष ध्यान दिएको देखिन्छ । 'छुक्का पञ्जा २'पछि स्वस्तिमा र वर्षाले एकसाथ काम गर्न लागेकाले 'अरैंचो-पैंचो' हेर्न दर्शकलाई थप रोचक हुनसक्छ । उनीहरुको जोडी र भूमिकाबारे भने केही खुलाइएको छैन ।

आयो जितु र साम्राज्ञीको 'ह्यारी कि प्यारी' ट्रेलर

काठमाडौं/डा. भोला रिजालका छोरा डा. कपिल रिजाल निर्देशित पहिलो फिल्म 'ह्यारी कि प्यारी'को ट्रेलर सार्वजनिक भएको छ । आइतबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा हाँसो र रोदनको दुईटा पाटोलाई देखाइएको छ । पैसाको पछाडि भागिरहेका जितु नेपालको साम्राज्ञी आरएल शाहसँग भेट पश्चात् आउने असोचनीय उतार-चढावलाई ट्रेलरमा प्रस्तुत गरिएको छ ।

जितु पैसाका लागि आमाको जग्गा समेत बेच्न कसिएका छन् । तर, आमाले बिहे नगरेसम्म जग्गा बेच्न नभिल्ने कागजपत्र बनाएपछि जितु एक विज्ञापन पढेर पैसा कमाउन काठमाडौं झर्छन् । उता साम्राज्ञी जितुको पैसाप्रति आशक्ति देखेपछि प्रलोभन देखाउँछिन् । उनीहरुबीच बिहे पनि हुन्छ । तर, बिहेकै दिनबाट घटनाक्रम बदलिन्छ । फिल्मप्रति कौहुलता जगाउन सक्ने ल्याकत ट्रेलरमा छ ।

बिआर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको फिल्ममा जितु र साम्राज्ञीसँगै विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समिक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनाललगायतको पनि अभिनय छ ।

फिल्मको प्रस्तुतकर्ता निर्देशक रिजाल स्वयं हुन् । उनी पेशाले दन्त चिकित्सक हुन् । फिल्मको 'धरहरा हल्लियो' गीतमा अभिनेत्री रेखा थापाले नृत्य गरेकी छन् ।

फिल्ममा निर्देशक रिजाल स्वयंको कथा, सुदीप बराल, गिरीराज घिमिरे, डा। रिजाल, अभिमन्यू निरवीले मिलेर पटकथा तथा संवाद लेखेका हुन् भने सुदीप बरालको छायांकन र अर्जुन जिसीको सम्पादन छ ।

फिल्मको पोष्ट प्रोडक्सनको काम मुम्बईमा गरिएको हो । आगामी माघ २० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म पारिवारिक कथावस्तुमा निर्माण भएको निर्देशक रिजाल बताउँछन् ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

मकवानपुरगढी न्यूनतम समर्थन मूल्यमा धान खरिद

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुरगढी गाउँपालिकामा बागमती प्रदेश सरकारले ल्याएको न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम न्यूनतम समर्थन मूल्यमा धान खरिद कार्य सुरुवात भएको छ ।

कृषि ज्ञान केन्द्र चितवनको वार्षिक कार्यक्रमअनुसार मकवानपुरगढी गाउँपालिकाको खरि दकर्ता सहकारी, उत्पादक कृषक समूह, सहकारी र कृषि ज्ञान केन्द्र चितवनबीच भएको त्रिपक्षीय सम्झौताबमोजिम एक कार्यक्रमबीच धान खरिद कार्य सुरु गरिएको हो । बागमती प्रदेशका पाँच वटा जिल्लाहरु चितवन, मकवानपुर, धादिङ, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा लागू भएकोमा मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा पहिलोपटक कार्यक्रम कार्यान्वयन भएको कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेले जानकारी दिएका छन् ।

उनले यो नयाँ कार्यक्रम भएको र यसलाई प्रभावकारीरुपमा लागू गर्न सके उत्पादक कृषकहरु प्रत्यक्षरुपमा लाभान्वित हुने बताए । मकवानपुरगढीमा विगत २ वर्षदेखि गाउँपालिकाले न्यूनतम

समर्थन मूल्यमा धान खरिदको व्यवस्था मिलाउनुको साथै कोदो र फापरको समेत मूल्य निर्धारण गरी खरिद व्यवस्था गरेको गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिएका छन् ।

नेपाल सरकारले मोटा धान २ हजार ९ सय ६७ र मध्यम धान ३ हजार १ सय २८ रुपैयाँ प्रतिक्विन्टल मूल्य निर्धारण गरेको छ । यहि मूल्यमा धमिले कृषि सहकारी संस्थाले ७ हजार ६ सय ४५ केजी र युथ भिजन बहुउद्देश्यीय सहकारी संस्थाले ६ हजार ७ सय केजी धान कृषकहरुबाट खरिद गरेको चौधरीले जानकारी दिए ।

सम्झौता र कार्यविधिमा उल्लेख भएबमोजिम न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सहकारी संस्थालाई प्रति केजी ५ रुपैयाँ प्रोत्साहन अनुदान उपलब्ध गराइने छ । धमिले कृषि सहकारी संस्थाका अध्यक्ष नवराज सञ्जेलको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा मकवापुरगढी गाउँपालिकाका उपाध्यक्ष मानकुमारी नेपालीको प्रमुख आतिथ्यता र कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेको विशिष्ट आतिथ्यता थियो । कार्यक्रममा कृषि शाखा प्रमुख चौधरी ज्ञान केन्द्र चितवनका कृषि अर्थविज्ञ कमला न्यौपाने सहकारीका पदाधिकारी र धान उत्पादक कृषकहरुको उपस्थिति थियो ।

चनौटा सामुदायिक वनको २४ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ चनौटा सामुदायिक वन उपभोक्ता समूहको २४ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा-१९ मा रहेको समूहको २४ औं वार्षिक साधारणसभा समूहका अध्यक्ष हरिशरण पौडेलको सभाध्यक्षतामा तथा डिभिजन वन कार्यालय (राप्ती) मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यको प्रमुख आतिथ्यता भएको हो । साधारण सभालाई सम्बोधन गर्दै प्रमुख आचार्यले किसानको साथीको रुपमा रहेको सालकको संरक्षणमा सबै उपभोक्ताहरु लारन्नु पर्नेमा जोड दिएका थिए ।

साधारणसभामा समूहका अध्यक्ष पौडेलले संस्थागत प्रतिवेदन, सचिव कुसुम पौडेलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष राजन सुवेदीले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा सामुदायिक वनले निर्माण गरिरहेको पर्यटकीय पार्कलाई सहयोग गर्ने राजु बिडारी र चिन्तामणि सुवेदीलाई सम्मान गरिएको थियो । वनको रेखदेखमा उत्कष्ट कार्य गर्ने वन हेरालु शिवहरि सुवेदी, कृष्णप्रसाद तिमल्सिना, सन्जु पाखिन र सुशिला ब्लोन र अपाङ्गता भएका उपभोक्ताहरुलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

यसैगरी, अमर मावियाको अध्ययन गर्ने विपन्न, गरिब र दलित विद्यार्थीहरुलाई पनि सो अवसरमा पुरस्कृत गरिएको थियो । साधारण सभामा हेटौंडा-१९ का वडा अध्यक्ष नरनाथ सुवेदी, सब डिभिजन वन कार्यालय, बसामाडीका रेन्जर ज्ञानकुमार रिजाल, सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भु प्रसाद न्यौपाने, समूहका सल्लाहकार प्रकाश थोकर, रामप्रसाद पौडेल, जनहित सामुदायिक वनका अध्यक्ष विक्रम पाण्डे, कालिका हरियाली सामुदायिक वनकी अध्यक्ष गान्धी घलान, समाजसेवी नारायण थोकर, सञ्चार कर्मी भीमसेन पौडेल लगायतको उपस्थिति थियो ।

मक्रान्चुली सहकारी अध्यक्षमा धिताल सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/हेटौंडा उपमहानगरपालिका-६, चौघडामा रहेको मक्रान्चुली सहकारी संस्थाको १६ औं वार्षिक साधारणसभा आइतवार भएको छ ।

साधारणसभाले कृष्ण प्रसाद धितालको अध्यक्षतामा ९ सदस्यीय नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा खडानन्द न्यौपाने, सदस्यहरुमा राजु गुरुङ, भवानी शंकर दाहाल, गोपाल गौतम, मुकुन्द न्यौपाने, अर्जुन प्रसाद सापकोटा, शिव दयाल यादव र राम प्रसाद चैरेल चयन भएका छन । यसैगरी लेखा समितिको संयोजकमा कृष्ण प्रसाद पोखरेल सदस्यहरुमा केशव धिताल र विजयकुमार हुमागाई चयन भएका छन ।

साधारणसभामा संस्थाका अध्यक्ष रामहरि न्यौपानेले संस्थागत प्रतिवेदन र लेखा समिति संयोजक कृष्ण प्रसाद धितालले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा-६ का वडा अध्यक्ष विष्णु बहादुर दाहाल,

केन्द्रीय दुग्ध संघका सञ्चालक सदस्य विदुर हुमागाई, बागमती प्रदेश दूग्ध विकास बोर्डका सञ्चालक सदस्य बासुदेव अधिकारी, सुकुम्बासी समस्या समाधान आयोग मकवानपुरका विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाई, जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष बद्रीप्रसाद लम्साल, सामुदायिक वन उपाभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, संस्थाका सल्लाहकार खिलप्रसाद चौलागाई, सिर्जनशिल समाज सहकारीका अध्यक्ष कृष्ण बिडारी, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, संस्थाका सदस्य रामजी सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

नयाँ सञ्चालक समितिको निर्वाचन गर्न अर्जुन प्रसाद चौलागाईको संयोजकत्मा चेतनाथ खतिवडा र भीमसेन पौडेल सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । संस्थामा ४ सय ३१ जना शेयर सदस्यहरु रहेको व्यवस्थापक केदार प्रसाद सञ्जेलले जानकारी दिए ।

मनहरीका शिक्षकलाई प्रशिक्षक तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मनहरी गाउँपालिका शिक्षा शाखाले शिक्षकहरुका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास प्रशिक्षक प्रशिक्षण तालिम आइतबार सुरु भएको छ ।

मनहरी गाउँपालिका वडा नम्बर-८ स्थित महेन्द्र किरण माध्यमिक विद्यालयमा आइतबारदेखि तालिम सुरु भएको हो । तालिम ५ दिनसम्म चल्ने शिक्षा शाखाले जानकारी दिएको छ । तालिममा मनहरी गाउँपालिकाअन्तर्गत्का २० वटा विद्यालयका २० जना शिक्षकहरु सहभागी छन् । आइतबारदेखि सुरु भएको तालिम २८ गते समापन हुनेछ । कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सिता पुलामीमगर (रेखा) को प्रमुख आतिथ्यता थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा शाखाका प्रमुख हरिचन्द्र सापकोटा, महेन्द्र किरण माविका प्रधानाध्यापक शिवबहादुर रि माललगायतको आतिथ्यता थियो ।

उपाध्यक्ष पुलामीले शिक्षकहरुले बर्दलैंदो समयअनुसार प्रविधिमैत्री बन्न सहयोग मिलोस् भनेर गाउँपालिकाले यस्तो तालिमको अवसर प्रदान गरेको बताएकी छन् । साथै सिकेका कुरालाई विद्यार्थीहरुमाझ बाँड्नसमेत आग्रह गरिन् ।

एक विद्यालय एक नर्स कार्यक्रम सफल: स्वास्थ्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले आफ्नो कार्यकालमा एक विद्यालय एक नर्स कार्यक्रम सफल भएको बताएका छन् ।

आइतबार आफ्नो कार्यकालमा भएको कार्यप्रगति सार्वजनिक गर्दै लामाले विद्यालय नर्स कार्यक्रम सफल भएको बताएका हुन् । १४ महिना मन्त्रालयको नेतृत्व गरेका स्वास्थ्य मन्त्री लामाले आफ्नो कार्यकालमा भएको कार्यप्रगति पनि आइतबार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेका छन् । उनले आफ्नो कार्यकालमा पाँचसय १९ जना विद्यालय नर्स भर्ना गरी स्वास्थ्य क्षेत्रमा राम्रो काम गरेको दाबी गरे ।

मन्त्री लामाले कोरोनाको समयमा ७ वटा प्रदेशमध्ये बागमती प्रदेश शतप्रतिशत कोरोनाबिरुद्धको खोप लगाउन सफल भएको बताए । त्यस्तै, चालु आर्थिक वर्ष २०७९/८० मा तीन करोड ९४ लाख बजेटमा बागमती प्रदेशको पहिलो आयुर्वेद औषधी उत्पादन केन्द्र, चितवनमा स्थापना गरी सञ्चालन गरेको उनको भनाइ छ ।

यस्तै, बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको हेटौंडा अस्पतालमा गर्भवती महिलाको लागि ७३ वटा पोर्टेबल अल्ट्रा मेशिन र एमआरआई मेशिन खरिद गरी स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको बताए ।

त्यस्तै, बागमती प्रदेशमा रहेका एकसय १९ वटा स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुखहरुको लागि अब्ब्ट्रेटिक फिस्टुला रोगको पहिचान र उपचारसम्बन्धी कार्यक्रम गरेको बताए ।

स्वास्थ्य मन्त्री निमा लामा र स्वास्थ्य राज्यमन्त्री कल्पना नेपालीको बिदाई कार्यक्रममा मन्त्रालयका सचिवहरु, कर्मचारीहरु, स्वास्थ्य क्षेत्रका पदाधिकारीलगायत संचारकर्मीहरुको सहभागिता थियो । मन्त्री लामाले गत २०७८ साल कात्तिक २५ गते कार्यभार सम्हालेका थिए ।

बालबालिकाको अवस्था बुझ्न बालजागृतिको घरदैलो

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बालजागृति इग्लिस सेकेण्डरी स्कूलले समुदायमा बालबालिकाको अवस्थाका बारेमा बुझ्न घरदैलो गरेको छ ।

आइतबार स्कुलका सहायक प्रिन्सिपल अमुल श्रेष्ठको नेतृत्वमा शिक्षकको समूहले हेटौंडा-२ र ५ को वनस्खण्डी, सिंचाईटोल र सानोपोखरा क्षेत्रमा घरदैलो गरेको हो । हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री शासनयुक्त पालिका घोषणाको तयारी भइरहेका बेला स्कूलले समुदायमा बालबालिकाको अवस्थाका बारेमा बुझ्न घरदैलो गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बालमैत्री स्थानीय शासन प्रवर्द्धन, बालमैत्री वडा घोषणा तथा सफल कार्यान्वयनका निमित्त हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडा कार्यालयसँगको सहकार्यमा

घरदैलो गरिएको सहायक प्रिन्सिपल श्रेष्ठले जानकारी दिए ।

घरदैलो गर्ने क्रममा शिक्षकहरुले अभिभावकलाई बालमैत्री स्थानीय शासन कार्यान्वयनसम्बन्धी क्रियाकलाप, बालअधिकार, बाल अधिकार संरक्षण, बालबालिकालाई विद्यालय पठाउनुपर्ने आवश्यकताका विषयमा जानकारी गराएको शिक्षक सरु अधिकारीले बताए । शिक्षक अधिकारीले विद्यालय जाने उमेरका केही बालबालिका विद्यालय नियमित नजाने अवस्था हुन सक्ने औंल्याए । बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगरपालिकाले वडास्तरमा विद्यालयलाई जिम्मेवार बनाउने, विद्यालयका शिक्षक, अभिभावकको सहयोगमा बालअधिकार संरक्षण र प्रबर्द्धनको प्रयास गरिरहेको छ । वडामा रहेका विद्यालयका शिक्षक, अभिभावकसँगै उपमहानगर पालिकाले विद्यार्थीलाई समेत सहभागी गराएर बालमैत्री पालिका घोषणाको तयारी गरिरहेको छ ।

पर्यटन मन्त्री श्रेष्ठद्वारा कार्यप्रगति सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्री दीपेन्द्र श्रेष्ठले १४ महिना मन्त्रालयको नेतृत्व गर्दा गरेको कार्यप्रगति सार्वजनिक गरेका छन् ।

आइतबार पत्रकार सम्मेलन गर्दै २०७८ मंसिर १५ गतेदेखि मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री श्रेष्ठले १४ महिना मन्त्रालयको नेतृत्व गर्दा गरेको कार्यप्रगति सार्वजनिक गरेका हुन् । पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले मकवानपुरगढीलाई बृहत् पर्यटन विकासको लागि थालनी गरेको जानकारी दिए । त्यसको लागि ३ करोड रुपैया बजेट विनियोजन गरिएको उनले बताए ।

यस्तै, मन्त्रालयले मकवानपुरको ईन्द्रसरोबरलाई केन्द्र मानेर पालुङ, चित्लाङ, दामन र दोलखाको भिमेश्वर नगर पालिकालाई फिल्म सिटिको रुपमा विकास गर्न सम्भाव्यता तथा विस्तृत परियोजनाको तयारी कार्य सुरु गरेको मन्त्री श्रेष्ठको भनाइ छ । नयाँ पर्यटकीय ब्राण्ड क्यानोपी वाकको निर्माण गर्ने कार्य प्रारम्भ, हाई हिमालय नेचुरल वाल क्वाईम्बिङ ट्रेनिङ सेन्टर रसुवा ४ गोसाईकुण्ड क्याङजिङमा कार्य सुरु गरिएको जानकारी उनले दिए ।

काठमाडौं उपत्यकामा सम्पदा पदमार्गको निर्माण, राईनो चिल्ड्रेन पार्क भरतपुर चितवन, हिमाल आरोहीको लागि प्रशिक्षण केन्द्रको सम्भाव्यता अध्ययन गरिएको मन्त्री श्रेष्ठको भनाइ छ । मन्त्रालयले गरेका महत्वपूर्ण कार्यहरुमा प्रदेश पर्यटन ऐन, २०७८ जारी, प्रदेश पर्यटन ऐन, २०७८ मा पर्यटन व्यवसायी एवम् सरोकारवालाको माग समेतलाई ध्यानमा राखेर हेर फेर, प्रदेश पर्यटन नीति, २०७८ को मस्यौदा तयार र छलफल, प्रदेश पर्यटन नियमावली २०७९ मस्यौदा तयारी कार्य प्रारम्भ रहेको उल्लेख गरिएको छ ।

सितु बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-१, भिन्तुनापथ

सवारी साधन लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति :- २०७९/०९/२५ गते

यस सितु बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा १ भिन्तुनापथ ले जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नं ५ सानोपोखरा स्थायी ठेगाना भएका **गोविन्द प्रसाद रुपाखेतीको नाती एक प्रसाद रुपाखेतीको छोरा श्री पुरुषोत्तम रुपाखेती**ले हायर पर्चेज कर्जा अन्तर्गत धनी सितु बचत तथा ऋण सहकारी संस्था (ऋणी पुरुषोत्तम रुपाखेती) भई नारायणी अंचल यातायात व्यबस्था कार्यालय बीरगंजमा दर्ता कायम रहेको ईन्जिन नं.९०G६७७८४च्यासिस नं. MAT३९६००९G१०७४ मोडेल नं. LPT२५१६TC/४८ कायम भएको ना.४ख १२३९ को १० चक्के टाटाट्रक एक थान धितो राखी मिति २०७४/०८/११ गते मा रु ६,००,०००/- अक्षेरेपी रुपैया छ लाख मात्र लिनु भएकोमा तोकिएको म्यादभित्र सावा व्याज नबुझाउनु भएकोले कर्जा चुक्ता गर्न वारम्बार मौखिक, लिखित पत्राचार गर्दा समेत सम्पर्कमा नआउनु भएकोले स्थानीय साझाकुरा राष्ट्रिय दैनिकमा ३५ दिने, १५ दिने, ७ दिने, ३ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआउनु भएकोले संस्थाको ऋण लगानी असुल उपर गर्न धितो राखिएको ट्रक लिलाम बिकी गर्ने प्रयोजनको लागि जे जस्तो अबस्थामा छ सोही अबस्थामा लिलाम गर्ने न्युनतम मूल्य रु. ७,००,०००/- (रु. सात लाख मात्र) कायम गरी यो लिलाम बिक्रीको शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना प्रकाशित गरिएको छ । सो संग सम्बन्धित अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

लिलाम बिकी हुने सवारी साधनको विवरण :-

नारायणी अंचल यातायात व्यबस्था कार्यालय बीरगंजमा दर्ता कायम रहेको ईन्जिन नं.९०G६७७८४च्यासिस नं.:MAT३९६००९G१०७४ मोडेल नं. LPT२५१६TC/४८ कायम भएको ना.४ख १२३९ को १० चक्के टाटा ट्रक एक थान

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

हेटौंडा उपमहानगरपालिका-१

फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याइकेट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाड्जोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इक्लाम हुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुबास लामिछाने
- इन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रात, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।

मो.नं. ९७४५३२१६४८ फोन न.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना